**देहायका प्रस्तावमा देहायमा लेखिए वमोजिम गर्ने :**

१. आन्तरिक मामिला तथा कानून मन्त्रालयको नं. २४/७३-२०७५।०५।२७ को प्रस्ताव "कञ्चपुर जिल्ला कृष्णपुर नगरपालिका वडा नं. ८ शान्तिपुर वस्ने हिक्मत वहादुर विष्टको नातिनि कर्ण वहादुर विष्टको छोरी वर्ष १७ कि मृतक कविता विष्टको परिवारलाई रु ५,००,०००। (पाँच लाख) राहात उपलब्ध गराउन" आन्तरिक मामिला तथा कानून मन्त्रालयलाई निकासा दिन आर्थिक मामिला तथा योजना मन्त्रालयलाई अनुरोध गर्ने ।

२. सामाजिक विकास मन्त्रालयको नं. २४/७४-२०७५।०५।२७ को प्रस्ताव "प्रदेश खेलकुद विकास विधेयक, २०७५ को मस्यौदा तर्जुमाको लागि सामाजिक विकास मन्त्रालयलाई सैद्धान्तिक स्वीकृति प्रदान गर्ने"- सम्वन्धमा प्रस्तावमा लेखिए वमोजिम गर्ने ।

३. सामाजिक विकास मन्त्रालयको नं. २४/७५-२०७५।०५।२७ को प्रस्ताव "प्रदेश युवा परिषद् विधेयक, २०७५ को मस्यौदा तर्जुमाको लागि सामाजिक विकास मन्त्रालयलाई सैद्धान्तिक स्वीकृति प्रदान गर्ने"- सम्वन्धमा प्रस्तावमा लेखिए वमोजिम गर्ने ।

४. आन्तरिक मामिला तथा कानून मन्त्रालयको नं. २४/७६-२०७५।०५।२७ को प्रस्ताव "यहि भाद्र ३१ गते आईतवारका दिन प्रदेश नं. ७ का जनताले परापूर्वकालदेखि मनाउँदै आएको महत्वपूर्ण पर्व अँटवारी परेकोले सो दिन यो प्रदेशमा रहेका सम्पुर्ण सरकारी कार्यालयहरु एवं सार्वजनिक निकायहरुमा सार्वजनिक विदा दिने" - सम्वन्धमा प्रस्तावमा लेखिए वमोजिम गर्ने ।

५. भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालयको नं. २४/७७-२०७५।०५।२७ को प्रस्ताव "प्रदेश मन्त्रालय अन्तर्गत थप निकायहरु स्थापना गर्ने"- सम्वन्धमा प्रस्तावमा लेखिए वमोजिम गर्ने ।

६. सामाजिक विकास मन्त्रालयको नं. २४/७८-२०७५।०५।२७ को प्रस्ताव "नेपाल सरकार गृह मन्त्रालय अन्तर्गत जिल्ला प्रशासन कार्यालय मातहत रहेका मौज्दुत शिक्षा विकास तथा समन्वय ईकाइ (कैलाली, कन्चनपुर,डोटी,अछाम,बझाङ, बाजुरा, डडेल्धुरा, दार्जुला, वैतडी) लाई प्रदेश सरकार सामाजिक विकास मन्त्रालय अन्तर्गत प्रदेश शिक्षा विकास निर्देशनालय मातहत ल्याई शिक्षा विकास तथा समन्वय ईकाइ व्यवस्थापन तथा संञ्चालनका लागि मन्त्री परिषद्वाट स्विकृत गरि नेपाल सरकार संघिय मामिला तथा सामान्य प्रशासन मन्त्रालय र शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय सिफारिस गरि पठाउने" - सम्वन्धमा प्रस्तावमा लेखिए वमोजिम गर्ने ।

७. सामाजिक विकास मन्त्रालयको नं. २४/७९-२०७५।०५।२८ को प्रस्तावका सम्वन्धमा प्रदेश सभाका माननीय सदस्यहरुको उपचार सुविधा सम्वन्धी विधेयक हाल स्वीकृत हुन वाँकी रहेको र दुर्घटनामा परि स्वास्थ्य उपचार गराई हाल पनि फलोअफमा रहनुभएका प्रदेश सभाका सदस्य माननीय तारा लामा तामाङलाई औषधी उपचारको विल भर्पाई वमोजिम वढिमा रु छ लाख सम्म र सोहि अवस्थामा रहनुभएका माननीय सदस्य नन्दा कुमारी वमलाई औषधी उपचारको विल भर्पाई वमोजिम वढीमा रु एक लाख सम्म उपलब्ध गराउन सामाजिक विकास मन्त्रालयलाई निकासा दिन आर्थिक मामिला तथा योजना मन्त्रालयलाई अनुरोध गर्ने ।